**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत ८ गते आइतबार ❑ 22 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## भारतका अक्षय कुमार र चाइनाका झाउलाई प्याराग्लाईडिङको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ७ चैत




नेपाल हवाई खेलकुद संस्था (ना) को आयोजनामा पोखरामा सम्पन्न २१औं खुल्ला नेपाल प्याराग्लाइडिङ च्याम्पियनसिप-२०२६ को उपाधि भारतका अक्षय कुमार र चाइनाका झाउ चेनले जित्नु भएको छ । पोखराको सराङकोटबाट उडान गरी खपौदीमा निर्धारित बिन्दु नजिक पुग्दै समान ७ अंक सहित दुबै जनाले प्रथम स्थान हासिल गर्न सफल हुनु भएको हो ।

भारतका इमान रम्तेल ८ अंकका साथ तेश्रो हुनु भयो । नेपालका पवन परियार र अर्जुन जलारीले समान ११ अंक ल्याउदै प्रर्दशनका आधारमा परियार छैटौ र जलारी सातौं स्थानमा आउन सफल हुनु भयो । विहिबार र शुक्रबारको नतिजाको आधारमा आयोजक हवाई खेलकुद संस्था (ना) ले दिएको अंक तालिका अनुसार एक्यूरेसी महिला एकलतर्फ को विधामा चीनकी कोङ सियाङ यान प्रथम हुनु भयो । पाँच राउण्डसम्मको प्रतिस्पर्धामा उहाँले ७ अंकसहित प्रथम हुनु भएको हो । नेपालकी दुर्गा माया गुरुङ १२६ अंकसहित दोस्रो हुदा भारतकी श्रेयशी तामाङ १४९ अंकसहित तेस्रो हुनु भयो । त्यसैगरी, नेपालकी इस्का राई ३५४ अंकसहित चौथो स्थानमा रहँदा कृषु पौडेल ५२६ अंकसहित पाँचौं स्थानमा रहनु भएको छ । महिला तर्फ १० जना खेलाडी बिच प्रतिष्प्रर्धा भएको प्राबिधिक बिमल अधिकारीले बताउनु भयो । त्यसै गरी नेपाली तर्फको विधामा पुरुषतर्फ पवन परियार र अरुण जलारी समान ११/११ अंकका साथ पहिलो र रिखि पोडे १२ अंकका साथ तेश्रो हुनु भयो । महिलातर्फ १२६ अंकका साथ दुर्गा माया गुरुङ पहिलो, इशा राई ३५४ अंकका साथ दोस्रो र कृषु पौडेल ५२६ अंकका साथ तेस्रो हुनु भयो ।

त्यसै गरी गण्डकी प्रदेश स्तरियमा छनौट प्रतियोगिताबाट पवल परियार, अरुन जलारी र रिखि पौडेल छनौट हुनु भएको ना का महासचिव वलराम आचार्यले बताउनु भयो । त्यसै गरी महिला तर्फ गण्डकीको टिमको लागि दुर्गामाया गुरुङ र कृषु पौडेल छनौट हुनु भएको छ । छनौट भएका खेलाडीलाई जनही नगद १०/१० हजारका साथमा मेडल तथा प्रमाणपत्र वितरण गरिएको थियो । दशौं राष्ट्रिय प्रतियोगिताको लागि खेलाडी छनौट समेत भएको ना का प्रथम उपाध्यक्ष खेमराज आचार्यले जनाउनु भयो । प्रतियोगिता अन्तर्गत तेश्रो दिन शनिबार प्रतिकुल मौसम पानी परेका कारण शनिबारका खेलहरु स्थगित भएका थिए । शुक्रबार दिउसोदेखि परेको पानी शनिबार बिहान देखि दिउसो पनि परेकोले शनिबारका खेलहरु स्थगित भएको प्रतियोगिताका संयोजक सुनिल भट्टराईले बताउनु भयो । यस अघि दुई दिन भएको खेलको आधारमा त्यसको आधार मानि नतिजा सार्वजनिक गरिएको हो । एक्यूरेसी टिम इभेन्टतर्फ भारतीय मिक्स टीम (वर्कला) बिजयी भएको छ । ११ टोली सहभागी रहेको प्रतिस्पर्धामा ३८ अंक सहित राहुल राई, अक्षय कुमार, मोहन सिंह, मनिस उप्रेतीको समुह प्रथम भएको हो । इन्डो-नेपाल संयुक्त टोली ६७ अंकसहित दोस्रो हुन सफल भयो । टिम नेपाल १०९ अंकसहित तेस्रो भयो । सोनाम लद्दाखी, अरुण जलारी, कृष्ण बहादुर क्षेत्री र गोपाल ठाकुर दोश्रो हुँदा विष्णु तिमिल्सिना, सुमन जङ्ग थापा, रोशन बस्नेत र युवराज सुनुवार रहेको टिम तेश्रो हुनु भएको हो । पाँच राउण्डका खेल सम्पन्न भएकोले त्यस पछि मौसम तथा हावाको अवस्थाले खेलमा प्रभाव पारेकोले त्यसका आधारमा नतिजा घोषणा गरिएको ना का अध्यक्ष अनिल केसीले बताउनु भयो । प्रतियोगितामा नेपाल, भारत, इटाली, जर्मनी र चीनका गरी ५ देशका ६२ खेलाडी सहभागी हुनुभयो । जसमा पुरुषतर्फ ५२ र महिलातर्फ १० जना सहभागि हुनु भएको हो । प्रतियोगितामा पुरुष व्यक्तिगततर्फ विजेताले १ लाख ५० हजार, उपविजेताले १ लाख र तेस्रो हुनेले ५० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । समूहतर्फ विजेताले ७५ हजार, उपविजेताले ५० हजार र तेस्रो हुने टोलीले २५ हजार रुपैयाँ प्राप्त गरे । महिलातर्फ विजेताले ७५ हजार, उपविजेताले ५० हजार र तेस्रो हुनेले २५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । प्रतियोगितालाई सफल पार्न आवश्यक सुरक्षा व्यबथा र खेलाडीहरुलाई सेटमा राम्रोसंग निर्देशन जारी गरिएको कारण सुरक्षित रुपमा प्रतियोगिता सम्पन्न भएको सेफ्टी डाइरेक्टर योगेश बहादुर भट्टराईले बताउनु भयो । बिजयी खेलाडीहरुलाई नेपाल नागरिक उडयन प्राधिकरणका महानिर्देशक देवचन्द्रलाल कर्ण, प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिब श्रीधर शर्मा, नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणीराज लामिछाने, पोखरा भ्रमण बर्षका संयोजक गोपी बहादुर भट्टराई लगायतले नगद, मेडल तथा प्रमाणपत्र प्रदान गर्नु भएको थियो । ना का अध्यक्ष अनिल केसीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

## हिउँमा फसेका २५० यात्रुको उद्धार

पोखरापत्र संवाददाता
बागलुङ, ७ चैत

भारी हिमपातका कारण अवरुद्ध मध्यपहाडी लोकमार्गमा फसेका यात्रुको उद्धार गरिएको छ ।

बागलुङ र पूर्वी रुकुमको सिमाना पातिहाल्नेमा शुक्रबार रातिदेखि परेको भारी हिमपातका कारण फसेका दुई सय २० भन्दा बढी यात्रुको उद्धार गरिएको हो ।

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसहित डोजरको प्रयाग गरी सडक खुलाएर यात्रुको उद्धार गरिएको पूर्वी रुकुमका सहायक प्रमुख जिल्ला अधिकारी समिर गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार सातवटा बस, १० वटा मोटरसाइकल र एउटा जिपमा रहेका यात्रु समस्यमा परेका थिए । सहायक प्रमुख जिल्ला अधिकारी गौतमले दुई जिल्लाको सिमाना क्षेत्रको करिब तीन किलोमिटर सडकको हिउँ पन्छाएर सडक खुलाएको र अब मौसम हेरेर मात्रै यात्रा गर्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "शुक्रबार साँझदेखि नै हिमपात भएको थियो, बिहानसम्म हिउँले सडक अवरुद्ध भयो । हामीले त्यो खबर पाउना साथ भूमे गाउँपालिकाको मेसिन लिएर सुरक्षाकर्मीसहित खटेका थियौँ, सडक खुलाएर यात्रु पनि गन्तव्यतिर लागेका छन् ।" इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख प्रहरी निरीक्षक तिलक मानन्धरले बागलुङ खण्डमा हिउँ परे पनि यातायात नरोकिएको बताउनुभयो । काठमाडौँ, पोखरालगायतका स्थानबाट रुकुम, रोल्पा, जाजरकोट, डोल्पा, सल्यान, दैलेखलगायत स्थानमा पुग्ने सवारीसाधनलाई सडकको अवस्था बुझेर मात्रै यात्रा गर्न भनिएको उहाँले जानकारी दिनुभयो ।

## व्यक्तित्व तथा व्यवसाय पूर्वाधारसम्बन्धी कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ७ चैत



पोखरामा व्यक्तित्व एवं व्यवसाय पूर्वाधार विकासका लागि एक दीने गोष्ठी सम्पन्न भएको छ ।

कास्की जिल्ला व्यूटि पार्लर संघको आयोजना तथा ओटरिया नेपालद्वारा समन्वयमा शनिबार व्यूटि पार्लरहरुको लागि उक्त गोष्ठी आयोजना गरिएको हो । कुनै पनि व्यवसाय सुरु गर्दा सपना देख्नुका साथै कडा मेहनत आवश्यक हुने र त्यसका लागि व्यवसायीक व्यक्तित्वको महत्वपूर्ण भूमिका रहने विषयमा जोड दिइएको थियो । सो अवसरमा ओटरिया नेपालका गौरव श्रेष्ठ र दिनेश शर्माले व्यक्तित्व विकास तथा व्यवसायसम्बन्धी अभिमुखीकरण दिएका थिए । पूर्वी नेपालमा व्यूटी पार्लर सञ्चालन गर्दै आएकी विजु वैनी श्रेष्ठले ओटरिया नेपालका उत्पादन प्रयोग गर्न पाएकोमा खुसी व्यक्त गरिन् । कार्यक्रममा म्याग्दी, बेनी, स्याङ्जा लगायत पोखरा र लेखनाथ क्षेत्रका व्यूटीसियनहरुको सहभागिता रहेको थियो । एरोसियसन पोखराकी सचिव शिशिर गोदारले कार्यक्रमबारे जानकारी दिएकी थिइन् । उक्त कार्यक्रममा ओटरिया नेपाल, लक्ष्मी नारायण कम्पनी इटहरी, व्यूटी पार्लर एशोसियसन लेखनाथ, स्याङ्जा, म्याग्दी तथा गण्डकी प्रदेशका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । संघ कास्कीका अध्यक्ष छाया ढकालले धन्यवाद ज्ञापनसहित कार्यक्रम समापन गरेकी हुन् ।

## नेपाल पर्यटक यातायात व्यवसायी संघ गण्डकी प्रदेशमा नयाँ नेतृत्व

पोखरापत्र संवाददाता
पोखरा, ७ चैत




नेपाल पर्यटक यातायात व्यवसायी सङ्घ(एनटिभिए) गण्डकी प्रदेशको सातौं वार्षिक साधारणसभा तथा चौथो खधिवेशनले रविप्रसाद आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।

अधिवेशनले सङ्घको प्रथम उपाध्यक्षमा विकासप्रसाद कंडेल, द्वितीय उपाध्यक्षमा भुवानीप्रसाद अधिकारी, महासचिवमा श्यामप्रसाद लामिछाने, सचिवमा शोभाखर तिवारी, कोषाध्यक्षमा सुमन कुँवर र सह कोषाध्यक्षमा संगीता अधिकारी आचार्यलाई निर्वाचित गरेको छ । त्यस्तै समितिको सदस्यहरूमा आनन्दराज अधिकारी, रविन्द्र कुँवर, मित्रलाल अधिकारी, प्रतिक लामिछाने र सुरज सापकोटा रहनुभएको छ । अधिवेशनका लागि बरिष्ठ अधिवक्ता कृष्णबहादुर थापाको संयोजकत्वमा सङ्घका केन्द्रीय अध्यक्ष भीमबहादुर गोले तामाङ, मदन शर्मा, सोमबहादुर थापा, महेश सापकोटा, बोबरजंग गुरुङ, बाबुराम पाण्डे रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो । नवनिर्वाचित कार्यसमितिका पदाधिकारीलाई निर्वाचन समितिका पदाधिकारी सहित निवर्तमान अध्यक्ष दुर्गादत्त दाहाल, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने, सङ्घका केन्द्रीय महासचिव भरत तिमल्सिना लगायतले खादा तथा माला लगाएर बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रममा नवनिर्वाचित अध्यक्ष रविप्रसाद आचार्यले पर्यटक यातायात सेवालाई गुणस्तरीय बनाउँदै हरियो नम्बर प्लेटको महिमा र गरिमालाई कायम गराउने कुरामा आँफूहरू निरन्तर लाग्ने विश्वास व्यक्त गर्नुभयो ।

यसैबीच राष्ट्रिय समाचार समिति(रासस) गण्डकी प्रदेश कार्यालय, पोखराका प्रमुख वासुदेव पौडेल सम्मानित हुनुभएको छ । नेपाल पर्यटक यातायात व्यवसायी सङ्घ(एनटिभिए) गण्डकी प्रदेशको शुक्रबार साँझ पोखरामा सम्पन्न सातौँ वार्षिक साधारणसभा तथा चौथो अधिवेशनका अवसरमा उहाँलाई पत्रकारिताका माध्यमबाट पर्यटन क्षेत्रको विकासमा योगदान पुऱ्याएको भन्दै नगद रु २५ हजार र सम्मानपत्रबाट सम्मान गरिएको हो । गण्डकी प्रदेशसभा सदस्य गणेशमान गुरुङ, नेपाल पर्यटक यातायात व्यवसायी सङ्घ गण्डकी प्रदेशका अध्यक्ष दुर्गादत्त दाहाल, केन्द्रीय अध्यक्ष भीमबहादुर गोले तामाङ, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीलगायतले सो सम्मान प्रदान गर्नुभयो । उक्त अवसरमा गण्डकी प्रदेशमा पहिलो पटक हरियो नम्बर प्लेटको पर्यटक यातायात भित्र्याउने हरिध्वज तुलाचन, उत्कृष्ट कर्मचारीद्वय श्रीप्रसाद खतिवडा र इन्द्र राना मगरलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा प्रदेशसभा सदस्य गुरुङले नेपालको पर्यटन क्षेत्रमा हरियो नम्बर प्लेट भएका पर्यटक यातायातले महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । हरियो नम्बर प्लेट भएका सवारी साधनले आफ्नो गुणस्तरीयतालाई सधैँ ध्यान दिन आग्रह गर्दै उहाँले पर्यटन क्षेत्रका विद्यमान समस्याको समाधान गर्न हातेमालो गर्ने बताउनुभयो । सङ्घका गण्डकी प्रदेश अध्यक्ष दुर्गादत्त दाहालले पर्यटक यातायात सेवालाई व्यवस्थित एवम् प्रभावकारी बनाउन सङ्घ निरन्तर लागिरहेको बताउनुभयो । सङ्घका पूर्वअध्यक्ष एवम् सल्लाहकार बोबरजंग गुरुङले विदेशी सवारी साधनलाई व्यवस्थित गर्नका लागि सङ्घले पहल गरेपनि त्यसलाई गलत व्याख्या गर्ने गरिएको बताउनुभयो । यहाँका पर्यटक सवारी साधनले तिर्ने गरेको राजस्व विदेशी सवारी साधनले पनि तिर्नुपर्ने बताउँदै उहाँले त्यसको राम्रो नियमन हुनु जरुरी भएको बताउनुभयो ।

कार्यक्रममा पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराई, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, सम्मानित व्यक्तित्व हरिध्वज तुलाचन, महासचिव भरत तिमिल्सना, सङ्घका प्रथम उपाध्यक्ष एवम् कार्यक्रम संयोजक रविप्रसाद आचार्य, महासचिव विकास कंडेललगायतले पर्यटक यातायातले नेपालको पर्यटन क्षेत्रमा खेलिरहेको भूमिकालगायतका विषयमा चर्चा गर्नुभयो ।


**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति**
**पोखरा महानगरपालिका वडा नं. १२/१३**
**कुँडहर, कास्की**

**सूचना सहितको विशेष अनुरोध**



यस धार्मिक संस्था **श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति कुँडहर पोखरा-१२/१३** को **१० औं अधिवेशन सहित १९ औं वार्षिक साधारण सभा** यही मिति २०८२ **साल चैत महिनाको २८ गते शनिवार**का दिन माथी भद्रकाली मन्दिर परिसरमै आयोजना गरिने भएको हुँदा यस सस्थाका सम्पूर्ण आजिवन तथा साधारण सदस्य सभासद्ज्यूहरु सहित भद्रकाली मन्दिरलाई माया गर्ने चिन्ने जान्ने छिमेकी सबै सर्वसाधारण महानुभावज्यूहरुमा पूर्व जानकारी हेतु यो सूचना सहितको विशेष अनुरोध गर्न चाहन्छौं ।

साथै अधिवेशनमा नयाँ कार्य समिति समेत चुनिने कार्यक्रम भएको हुदाँ यस धार्मिक क्षेत्रलाई नजिकबाट राम्रोसँग चिनेको, बुझेको, समय दिन सक्ने, श्रोत र साधनको चाँजोफाँजो मिलाउन सक्ने, योग्य, कर्मठ र इमान्दार व्यक्तिहरुको कार्य समिति गठन गरिदिन र गर्न सबैमा विनम्र अनुरोध गर्दै उक्त दिन भरसक समय मिलाएर उपस्थित भै दिनुहुन् २/३ हप्ता अगावै हामी मन्दिर सेवा समिति विशेष अनरोध गर्दछौं ।

**अन्त्यमा कालीमाताले हामी सबैको कल्याण गरुन् !**
**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवम्**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर पोखरा-१२/१३ फोन नं. : ०६१-५७५९०७**

 का.जि.द.नं. ५६/०५६ ह.नि.पो.द.नं. ०१/०७९/०८० 

# पोउवा संघले दियो महिलाहरुलाई भ्याट र कर तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत



पोखरा उद्योग वाणिज्य संघले महिला उद्यमी र व्यवसायीहरुलाई मूल्य अभिवृद्धि कर (भ्याट) र करबारे तालिम दिएको छ।

जर्मन सहयोग संस्था जीआइजेडको दीगो विकासका लागि राजश्व सुधार परियोजना (आरएसआर एसडी) को सहयोगमा उद्योगी/व्यवसायीलक्षित भ्याट र करसम्बन्धी तालिम संचालन गर्दै आइरहेको संघले शुक्रबार र शनिबार महिलाहरुका लागिमात्र तालिम आयोजना गरेको संघकी महासचिव तथा कार्यक्रम संयोजक शोभा गौतमले जानकार दिइन्। करिब ६५ जना महिलाको सहभागिता रहेको तालिममा सीए विवेक श्रेष्ठ प्रशिक्षक रहेका थिए। तालिम समापनको अवसरमा शनिबार प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष संजिवबहादुर कोइरालाले सहभागी प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरे। सो अवसरमा बोल्दै उनले भ्याट र करसम्बन्धी जानकारी व्यवसायीहरुका लागिमात्र नभएर सबै नागरिकको सरोकारको विषय भएको औंल्याए। भ्याट र करको भुक्तानी प्रक्रिया नबुझ्दा वा हेलचेक्र्याइँ गर्दा भोग्नुपर्ने दण्ड जरिवाना कडा रहेको भन्दै उनले आफू सचेत हुँदा त्यस्तो दण्डबाट जोगिन सकिने बताए। जीआइजेड राजश्व सुधार परियोजना (आरएसआर एसडी) का वित्त व्यवस्थापन तथा प्रशासकीय सल्लाकार नविन श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीको तर्फबाट बोल्दै स्वास्थ्यकर्मी जिता बरालले शैक्षिक चेतनास्तर कमजोर भएका तथा आर्थिक स्थिति दरिलो नभएका महिलाहरुलाई पनि यस्ता तालिम प्रदान गर्नुपर्ने आवश्यकता औंल्याइन्। स्वास्थ्यकर्मी रहेकी उनले आफू व्यवसायमा जोडिने जमर्को गरिरहेकाले तालिममा सहभगिता जनाएको बताइन्। यसअघि शुक्रबार भएको तालिम उद्घाटन कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले हरेक वर्ष कर कानूनमा परिवर्तन हुने भए पनि करका सामान्य सिद्धान्तमा परिवर्तन नहुने भएकाले आधारभूत जानकारी सधैँ काम लाग्ने बताए। उनले कर कार्यालयले प्रदान गर्ने छुटका व्यवस्थाबारे ध्यान दिन पनि व्यवसायीसँग आग्रह गरे। महिलाहरु व्यवसायमा आउँदा र वित्त व्यवस्थापनको काम सम्हाल्दा चुहावट घट्ने उनको भनाइ थियो। सोही कार्यक्रममा बोल्दै जीआइजेड राजश्व सुधार परियोजना (आरएसआरएसडी) का वित्त व्यवस्थापन तथा प्रशासकीय सल्लाकार नविन श्रेष्ठले करदाताको क्षमता वृद्धिको उद्देश्यले आयोजित तालिमले कर प्रणालीमा सुधार तथा राजश्व बृद्धिमा योगदान पुऱ्याउने अपेक्षा रहेको बताएका थिए।



मुक्तिनाथ क्षेत्रमा परेको हिउँः मुस्ताङको वागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ स्थित मुक्तिनाथ क्षेत्रमा परेको हिउँ र आसपासका क्षेत्र। हिजो अपराह्न ४ बजेदेखि पर्न सुरु गरेको हिउँले मुक्तिनाथ क्षेत्रको झारकोट, खिङ्गा, रानीपौवालगायतको क्षेत्र हिउँले सेताम्मे बनेको हो। तस्बिरः सुशीलबाबु थकाली/रासस

# मियाँपाटनमा सडक उज्यालिँदा विदेशी शहरको झल्को

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत



पोखरामहानगरपालिका-१३ को मियाँपाटनमा साँझ पर्नासाथ सडक फराकीलो मात्र देखिदैन। अव घुम्न जानु भयो भने उज्यालो र सौन्दर्यले भरिएको आकर्षक देख्नुहुन्छ।

फुटट्र्याक छेउछाउमा सजाइएका कलात्मक स्ट्रिट लाइटहरूले त्यहाँ हिँड्ने जो-कोहीलाई विदेशका व्यवस्थित र झिलिमिली सडकहरूको अनुभूति दिलाउँछन्। नेपाल मुस्लिम युवा समिति मियाँपाटन परिवारको पहल र वडा १३ को सहयोगमा निर्माण गरिएका यी लाइटहरूले मियाँपाटनको पहिचान नै फेरिदिएको छ। राखिएका १२ वटा स्ट्रिट लाइट मध्ये एउटा लाइट प्रेम कलात्मक हस्तकला फुटट्र्याक स्ट्रेट लाइट सिमेन्ट आर्टले सहयोग गरेको उद्योगका प्रोपाइटर प्रेम कुमार भुजेलले पोखरापत्रलाई वताए। केही समयअघिसम्म साधारण देखिने सडक अहिले साँझ पर्नासाथ आकर्षणको केन्द्र बनेको छ, जहाँ स्थानीय बासिन्दा मात्र होइन, बाहिरबाट आउनेहरू पनि फोटो खिच्दै रमाइरहेका देखिन्छन्। हालै वडा नम्बर १३ का वडा अध्यक्ष किरण बरालले लाइटको स्विच अन गर्दै औपचारिक उद्घाटन गरेका थिए।

अध्यक्ष बरालले आगमी वर्ष वाटोको अर्का साइडमा पनि लाइट राखि दिने बचन वद्धता दिए। नेपाल मुस्लिम युवा समिति परिवार मियाँपाटन, पोखरा- १३का अध्यक्ष अब्बास अलिमियाँको अध्यक्षतमा भएको कार्यक्रममा समाजसेवी राजेन्द्र भण्डारीको सञ्चालन गरेको कार्यक्रममा विकासप्रेमी युवा सराफत अलिमियाँले स्वागत गरेका थिए। अब मियाँपाटन केवल एउटा बस्ती नभई, कलात्मक उज्यालोले सजिएको एउटा नमूना स्थानका रूपमा चिनिन थालेको छ। लाइट राखिएको वाटो वरिपरि शनिवार मुस्लिम धर्मालम्बीहरु आशीर्वाद लिएर इद उल फित्र पर्व मनाइरहेका थिए। सम्भवत मियाँपाटनमा राखिएको लाइट पोखरामा पहिलो हो।

# मनखुशीले जगायो सीप, मोबाइल भयो टाढा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत




कहिल्यै नथाक्ने घरायसी काम सकिएपछि खाली समय कसरी बिताउने ? केही दिनअघिसम्म धेरै आमाहरूको साझा प्रश्न यही थियो। बिहान छोराछोरी र नातिनातिनी विद्यालय गएपछि घर शान्त हुन्थ्यो। अनि उनीहरूको दिनभरि साथ दिने साथी बन्यो मोबाइल। सामाजिक सञ्जाल चलाउँदै, अरूका तस्बिर हेर्दै समय बित्थ्यो, तर मन भने प्रायः खाली नै रहन्थ्यो। तर, अहिले त्यो समयले नयाँ अर्थ पाएको छ। एक हप्ताअघि सुरु भएको हस्तकला तालिमले उनीहरूको दैनिकी मात्र होइन, सोचाइ र आत्मविश्वासमै नयाँ उज्यालो भरेको छ।

मनखुशी फाउण्डेशन कास्की बाँझापाटन, पोखरा-१३ ले सञ्चालन गरेको यस तालिममा मोजा, टोपी, निगाड, स्वेटर र ब्लाउज बुन्न सिकाइन्छ। फाउण्डेशन कास्कीकी अध्यक्ष कृष्णकुमारी गुरुङका अनुसार, "तालिम सुरु भएपछि बिहानको नियमित काम सकिएलगत्तै आमाहरू समूहमा भेला हुन्छन्, हातमा मोबाइल होइन, काँटी र धागो हुन्छ।" फाउण्डेशनकी सदस्य पूर्णकुमारी गुरुङ पनि सहभागी दिदीबहिनीहरूको जोस र जाँगर देखेर खुसी छन्। "पहिले दिन कसरी बित्यो थाहा नै हुँदैनथ्यो, अहिले त समय नै पुग्दैन," सहभागी चित्रकुमारी गुरुङ मुस्कुराउँदै भन्छिन्।

अर्की सहभागी कल्पना गुरुङले बालकल्याण हाई स्कुलमा लिइएको तालिमले आफूलाई ठूलो सहयोग पुगेको बताइन्। "यस्तो तालिम नलिएको भए जीवनभर पछुतो हुन्थ्यो। अहिले मोबाइल चलाउने बानी पनि घटेको छ," कल्पानाले सुनाइन्। गत चैत १ गतेदेखि सुरु भएको यस तालिममा ३० जना दिदीबहिनीहरूको सहभागिता रहेको छ। कुनै पनि सामाजिक अभियान कार्यक्रममै सीमित हुँदैन; त्यसका पछाडि मानवीय संवेदना र सशक्त नेतृत्व पनि उत्तिकै आवश्यक हुन्छ। यस अभियानलाई समाजसेवीद्वय कर्णेल नरबहादुर गुरुङ र नुनु गुरुङको सहयोगले स्थायित्व दिएको छ। मनखुशी फाउण्डेशन गण्डकी प्रदेशकी अध्यक्ष काशी गुरुङका अनुसार, तालिममा तयार भएका सामग्री फाउण्डेशनले खरिद गरी उपभोक्तासम्म पुऱ्याउने लक्ष्य राखिएको छ।

साथै, महिला उद्यमी महासंघको आयोजनामा आगामी १९ गते काठमाडौँमा हुने अन्तरर्ाष्ट्रिय महिला ट्रेड एक्स्पो मेलामा पनि यी उत्पादन प्रदर्शन तथा बिक्रीका लागि राखिने छ। घरभित्र सीमित समयलाई सिर्जनशीलता र आत्मनिर्भरतामा रूपान्तरण गर्ने यो प्रयासले आमाहरूको जीवनमा केवल व्यस्तता होइन, आत्मसम्मान र आशाको नयाँ ढोका पनि खोलेको छ।




# 'प्रतिनिधिसभा निर्वाचन-०८२, कांग्रेसको प्रारम्भिक समीक्षा'

**रासस**
काठमाडौं, ७ चैत

मुख्यतः पार्टी सभापति गगनकुमार थापाको राजीनामा र 'प्रतिनिधिसभा निर्वाचन-०८२, कांग्रेसको प्रारम्भिक समिक्षा' विषयमा केन्द्रीत भएर आजदेखि सुरु भएको कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक आइतबार पुनः बस्ने भएको छ।

पार्टी उपसभापति विश्वप्रकाश शर्माका सभापतित्वमा शुक्रबारपार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमितिको बैठकमा वक्ताहरूले बोल्ने क्रम जारी रहेकाले आइबार पुनःबैठक बस्नेगरी आजको बैठक सम्पन्न भएको हो।

बैठकमा उपसभापति शर्माले पार्टी सभापति थापाले सभापति पदबाट दिनुभएको राजीनामा बैठकमा प्रस्तुत गर्नुका साथै 'प्रतिनिधिसभा निर्वाचन-०८२, कांग्रेसको प्रारम्भिक समिक्षा' प्रस्तुत गर्नुभएको थियो। बैठकमा सहमहामन्त्री फरमूल्लाह मन्सुर, केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशी, भरतकुमार शाह, धना खतिवडा, सुधिरकुमार शिवाकोटी, सुवासकुमार पोखरेल, कमलप्रसाद भुसाल, जीतनारायण श्रेष्ठ, रमेशप्रसाद धमला, लीलादेवी बोखिम लिम्बू, भरतबहादुर खड्का, जनकराज गिरी, देवप्रसाद तिमिल्सिना, शम्भुबहादुर बुढाथोकी, टेकराज पौडेलले आफ्नो धारणा राख्नुभएको थियो।

यस्तै, केशवराज शर्मा आचार्य, नारायणप्रसाद भट्टराई, डा अमिता प्रधान, उमा शिवाकोटी, इन्दिरा कार्की, विश्वनाथ रिजाल, सुनिलकुमार यादव, कोशी प्रदेशका सभापति उद्धव थापा र लुम्बिनी प्रदेशका सभापति अमरसिंहले आफ्नो धारणा राख्नुभएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो। शनिबार इस्लाम धर्मावलम्वीको पवित्र पर्व 'ईद-उल-फित्र' परेकोले केन्द्रीय कार्यसमितिको अर्को बैठक यही चैत ८ गते बिहान ८:३० बजे पार्टी केन्द्रीय कार्यालयमा पुनःबस्ने कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको रक्तदानमा ५४ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत



बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले बाह्रौं पटक आयोजना गरेको रक्तदान कार्यक्रममा ५४ युनिट रगत संकलन भएको छ।

कार्यक्रममा कास्की जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी त्रित्राङ्गत बरालले पहिलो रक्तदाता बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सल्लाहकार माधब सिग्देललाई ब्लड ब्याग हस्तान्त्रण गरी कार्यक्रम उद्धघाटन गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराललले बुद्ध विशाल बजार व्यापारिक एशोसियसन व्यापारीहरूको संस्था भए पनि सामाजिक उतरदायित्व बहन गर्ले विभिन्न सामाजिक कार्यहरू गर्दै आईरहेकोमा धन्यवाद दिदै संघ संस्थाहरू नेपाल सरकारको तथा संस्थाको आफ्नो विधान अन्तरगत चल्नुपर्ने बताउदै नेपालको कानुन भन्दा माथि कोहि पनि नहुने बताए।

कार्यक्रममा बिशिस्ट अतिथि पोखरा महानगरपालिका २८ का वडा अध्यक्ष श्रीकृष्ण लामिछानेले पोखरा महानगरपालिकामा

आफ्नो तर्फबाट एशोसियसनलाई के कस्तो सयोग तथा सल्लाहको आवश्यकता पर्छ सयोग गर्ने आफू प्रतिवद्वता रहेको बताउदै पोखराको नै पुरानो मार्केट विशाल बजारको साख बचाई राख्न एशोसियसनलाई आग्रह गरे । कार्यक्रममा पोखरा उधोग वाणिज्य संघका महासचिव शोभा गौतमले सवैभन्दा ठुलो दान रक्तदान कार्यक्रम आयोजना गरेकोमा एशोसियसनलाई धन्यवाद दिदै आफुले व्यवसायीहरूको हक हितको लागि सधैव आवाज उठाउने गरेको बताउदै आगामी दिनमा पनि उठाउने बताईन्।

रक्तदान कार्यक्रममा बोल्दै बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा सल्लाहकार केशव बहादुर खत्रीले रगत पैसा तिरेर पनि पाँईदैन, पसलमा किन्न पनि पाइँदैन, बेलैमा रगत नपाएमा मान्छेको जीवन जोखिममा पर्ने भएकोले सवैभन्दा ठूलो धान रक्तदान भएको बताउदै खत्रीले बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले सामाजिक उत्तरदायित्व बहन गर्दै बाह्रौं पटक रक्तदान कार्यक्रम आयोजना गरेको बताए। कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल कस्मेटिक व्यवसायी संघकी उपाध्यक्ष सरू बराल लगाएतले बोलेका थिए।

बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका अध्यक्ष बुद्धि बहादुर कुंवरको सभापतित्वमा भएको कार्यक्रममा एशोसियसनका उपाध्यक्ष तथा कार्यक्रम संयोजक मनोहरि पौडेलले स्वागत मन्तव्य राखेका थिए भने एशोसियसनका महासचिव थमनसिह गुरूङले कार्यक्रम सन्चालन गरेका थिए। कार्यक्रममा प्रादेशिक रक्त संचार केन्द्रको टोलिले बिशेष सयोग गरेको थियो।

# डा. योगी विकाशानन्दद्वारा 'विश्वको उत्कृष्ट गन्तव्य नेपाल' अंकित गाडीको अनावरण

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत



नेपाललाई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने उद्देश्यसहित देश दौडाहामा जान "विश्वको उत्कृष्ट गन्तव्य नेपाल "अंकित विशेष गाडीको भव्य अनावरण गरिएको छ । उक्त गाडीको अनावरण मनोक्रान्तिका प्रणेता डा. योगी विकाशानन्दले गरेका हुन्।

कास्कीको मनोक्रान्ति स्थलमा आयोजित एक औपचारिक समारोहबीच यस महत्वाकांक्षी अभियानको सुरुवात गरिएको हो । विगत १५ वर्षदेखि देशका विभिन्न भू-भागमा पुगेर स्थलगत रूपमा उपस्थित भएर त्यहाँका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा त्रिकोण क्यानभासमा उतारेका प्रज्ञा नगेन सिंह ठकुरीले यसपटकको यात्रालाई अझ व्यापक र उद्देश्यपूर्ण बनाउँदै ७७ जिल्लामा नै कला यात्रालाई नयाँ उचाइ दिने लक्ष्य राखेको जानकारी दिएका छन्।

यस अभियानअन्तर्गत देशका सबै जिल्लाबाट सिर्जित कलाकृतिहरूलाई समेटेर तयार पारिएको 'नेपाल कला यात्रा' नामक पुस्तकलाई समेत ७७ वटै जिल्लामा लैजाने ठकुरीले बताए । अभियानको अर्को महत्वपूर्ण पक्ष भनेको अभियानलाई गिनीज वर्ल्ड रेकर्ड्समा दर्ता गराउने तयारी समेत भइरहेको छ । त्यसका लागि ५ लाख नेपालीबाट जनही एक सय रुपैयाँ संकलन गरी 'जन-प्रकाशक' बनाउने योजना अघि सारिएको समेत आयोजकले जनाएको छ। जसले नेपाली कला र पर्यटन प्रवर्द्धनमा जनसहभागिताको नयाँ आयाम थप्ने विश्वास लिइएको छ।

यस कार्यक्रमकै अवसरमा ३५ जना नेपालीले तत्कालै सहयोग गर्दै 'प्रकाशक'का रूपमा आफ्नो नाम दर्ता गराएका छन् । यससँगै सातवटा पुस्तक बिक्रीसमेत गरिएको छा पुस्तक बिक्रीबाट संकलित रकमलाई विश्वका १९६ देशका भाषामा प्रकाशन विस्तार गर्ने लक्ष्य रहेको जानकारी "७७ जिल्ला प्रत्यक्ष कला भ्रमण तथा नेपाल कला यात्रा" पुस्तक वितरण समित संयोजक तथा नगेन न्यूजका भिडियो जर्नालिस्ट नकुल सिंह ठकुरीले बताए । त्यस्तै यस अभियानले कला, पर्यटन र राष्ट्रिय पहिचानलाई एउटै सूत्रमा बाँध्दै नेपाललाई विश्वमञ्चमा नयाँ ढंगले प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

# एउटा कक्षामा पलाएको आशा : जानकी माविमा अटिजम शिक्षा

**हरिप्रसाद बास्तोला**
पोखरा, ७ चैत/रासस

कास्की पोखरा-१७ को महतगौडास्थित जानकी माध्यमिक विद्यालयले सञ्चालन गरेको छुट्टै भवनमा एउटा कक्षा सामान्य जस्तै देखिए पनि भित्र पस्दा बेग्लै अनुभूति हुन्छ। भित्तामा टाँसिएका रङ्गीन चित्र, खेलौनाजस्ता सिकाइ सामग्री एवं सहजकर्ता र आयाको धैर्यपूर्ण मुस्कानले यो कक्षालाई विशेष बनाएको छ। यहाँ अटिजम भएका बालबालिकाका लागि आफ्नै गति र तरिकाले सिक्ने थलो बनेको छ।

अटिजम भएका बालबालिकाका लागि विद्यालय जानु पहिले सजिलो थिएन। बोल्न नसक्ने, आँखामा आँखा जुधाउन गाह्रो मान्ने वा एउटै व्यवहार दोहोऱ्याइरहने बालबालिकालाई समाजमा घुलमिल हुन गाह्रो हुने अवस्था अझै पनि छ। विद्यालय त झन् अलिक परको विषय थियो। तर पोखरा महानगरपालिकाले जानकी माध्यामिक विद्यालयमा सुरु गरेको अटिजम कक्षाले बालबालिकाका ती उनीहरुका लागि सहज वातावरण बनाउँदै लागेको छ।

यो कक्षामा पढाइ किताबमा मात्र सीमित छैन। चित्र, खेल, सङ्गीत र दैनिक जीवनसँग जोडिएका गतिविधिमार्फत बालबालिकालाई सिकाइन्छ । शिक्षकले एकैपाठ सबैलाई एउटै तरिकाले पढाउँदैनन् कसैलाई खेलाउँदै, कसैलाई चित्र देखाउँदै त कसैलाई हात समातेर बुझाइन्छ । यही फरक तरिकाले बालबालिकामा आत्मविश्वास बढ्न थालेको अभिभावक प्रविण अधिकारी बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "मेरो आठ वर्षीय छोरा प्रज्ज्वल अधिकारी पहिला विद्यालय जानै मान्दैनथ्यो । अहिले बिहानै ब्याग बोकेर निस्किन्छ। बोल्न त अझै गाह्रो हुन्छ, तर उसले बुझ्न थालेको सङ्केत गर्ने गरेको छ। हामीलाई यही ठूलो उपलब्धि लाग्छ ।" कतिपय अभिभावक बिहान आफ्ना बाबुनानी लिएर आउने र बेलुका सँगै लिएर फर्कनेसमेत गर्दै आउनुभएको छ । पोखरा महागनपालिकाले अटिजम कक्षा सञ्चालन गरेर सबैका लागि शिक्षा भन्ने अभियानलाई साकार बनाउन एउटा हृदयस्पर्षी कार्य गरेको उहाँले भन्नुभयो। उहाँले भन्नुभयो, "अहिले अटिजम कक्षामा ४० जना बालबालिका भर्ना भएका छन् । एक जना अटिजम भएको बच्चाका लागि एक जना हेरालो नै बस्नुपर्ने बाध्यता भएको वर्तमान अवस्थामा जानकी माविमा कक्षा सञ्चालन भएसँगै अभिभावक र बालबालिकाले राहतको अनुभूति गर्न थालेका छन् ।" अभिभावक सरु अधिकारीका अनुसार छोरा सास्वतको अवस्थामा परिवर्तनका सङ्केतहरु देखिन थालेका छन् । बिहान विद्यालय जाने र दिउँसो घर फर्कने समयमा देखाएको सङ्केतले छोरामा परिवर्तनको आशा पलाउन थालेको उहाँको भनाइ छ । विद्यालयले यातायातको व्यवस्था गर्न नसक्दा अभिभावकलाई छोराछोरी विद्यालय ल्याउन र लैजानसमेत असहज बनेको दुखेसो सुनाउनुभयो । उहाँका अनुसार त्यसतर्फ पनि महानगरले सोच्नुपर्ने अवस्था सृजना भएको छ । अटिजम विद्यार्थीलाई यातायात सुविधा पुऱ्याउनका लागि विद्यालयले भारतीय राजदूतावासमा बस व्यवस्थापनका लागि प्रस्तावसमेत पेस गरेको छ। "कक्षामा हरेक मुस्कान, हरेक सङ्केत ठूलो सफलता हो", विद्यालयका प्रधानाध्यापक अर्जुन कँडेलले भन्नुभयो, "अटिजम भएका विद्यार्थीले आज आँखामा आँखा जुधायो भने विस्तारै भोलिका दिनमा बोल्ने आशा पलाउन थालेको छ ।" उहाँका अनुसार विद्यालयले अटिजम भएका ४० जना बालबालिकाका लागि भर्ना आह्वान गरेकामा पोखरा महानगरपालिकाका मात्र ११३ जनाको आवेदन परेको थियो। अटिजम भएका बालबालिकालाई सिकाइसँगै हेरचाह गर्न सजिलो छैन तर पनि सबैको साथ र सहयोगले यहाँ भर्ना भएका विद्यार्थीमा विस्तारै परिवर्तनका सङ्केतहरु देखिने विश्वास लिइएको छ । अटिजम भएका बालबालिकाका लागि एक जना थेरापिष्टकोसमेत व्यवस्था भई सकेको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गतको रु ५० लाख लागतमा निर्माण गरिएको चारकोठे पक्की भवनमा कक्षा सुरु गरिएको बताउँदै उहाँले पोखरा महानगर शिक्षा महाशाखाले कार्यविधि बनाएर सञ्चालन गरिएको अटिजमसहित विद्यालयमा हाल ३२० विद्यार्थी अध्ययनरत छन् । जसमा महानगरपालिकाले एक जना शिक्षक, चार जना सहजकर्ता र चार जना आयाको व्यवस्था गरेको छ । एक जना थेरापिष्टका लागि विद्यालयले निवेदन आह्वान गरे पनि निर्वाचन आचारसंहितका कारण अघि बढ्न नसकेको उहाँको भनाइ छ। थेरापिष्टको खर्च महानगर स्वास्थ्य महाशाखाबाट सात लाख रुपैयाँ बजेट विनियोजन भएको छ । पोखरा महानगरपालिकाको समावेशी शिक्षा नीतिअन्तर्गत जानकी माविमा अटिजम कक्षा सञ्चालन गर्नु महानगरका लागि एउटा महत्वपूर्ण कदम हो।

विद्यालय शिक्षामा सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्न यो कक्षा सुरु गरिएको महानगर शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्य बताउनुहुन्छ । उहाँका अनुसार अटिजम कक्षाले केबल बालबालिकालाई मात्र होइन, अभिभावकलाई पनि आशा जगाउँदै वर्षौंदेखि चिन्ता र पीडामा बाँचिरहेका यस्ता परिवारले अब भविष्य देख्ने विश्वास र आशा लिएका छन् । समाजले अझै अटिजमलाई रोग होइन, फरक अवस्था भनेर बुझ्न आवश्यक छ । जानकी माविमा सञ्चालन भएको यो कक्षा एउटा सानो सुरुआत हो। तर यही सानो कक्षाले धेरै बालबालिकाका लागि आत्मविश्वास, सिकाइ र सम्मानसहितको जीवनतर्फ जाने ढोका खोल्ने विश्वासका लिएको प्रमुख आचार्यले बताउनुभयो । पोखरा महानगरपालिकाले मानवीय संवेदनशीलतालाई विशेष मध्यनजर गर्दै गत भदौ २२ गतेदेखि अटिजम कक्षा सञ्चालनमा ल्याएको हो।

गण्डकी प्रदेशमै स्थानीय तहले सञ्चालन गरेको पहिलो अटिजम कक्षा सञ्चालनका लागि हालसम्म विभिन्न शीर्षकमा महानगर शिक्षा महाशाखा, सामाजिक विकास महाशाखा, वडास्तरीय र गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको ८४ लाखभन्दा बढी रकम विनियोजन भइसकेको छ।

व्यक्तिको मस्तिष्कमा स्नायु कोषको सञ्जालले राम्रोसँग काम नगर्दा सूचना प्रशोधनमा बाधा उत्पन्न हुन गई सामाजिक क्रियाकलाप, सञ्चार सीप र कल्पना शक्तिको विकासमा असर देखिनु अटिजम भएको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान गण्डकी अस्पताल बालरोग विभाग प्रमुख डा रामचन्द्र बास्तोलाले बताउनुभयो।

उहाँका अनुसार जसले गर्दा बाल्यावस्थामा नै सञ्चारमा विचलन, सामाजिक रुपमा घुलमिल हुन नसक्ने, पुनरावृत्ति, एकोहोरोपन, इन्द्रियको उतारचढावको फलस्वरुप वातावरण, व्यक्ति र वस्तुप्रति भिन्दै प्रतिक्रिया र व्यवहार देखाउँछन् । अटिजम कुनै रोग र बौद्धिक अपाङगता होइन मष्तिस्कको एक विशेष अवस्थामात्रै हो जुन असामान्य र अस्वीकृत व्यवहारका रुपमा देखिन्छ।

"वंशानुगत, गर्भावस्थामा विद्युतीय प्रविधि एवं औषधिको अत्यधिक प्रयोग र मौलिक खानाको सट्टा पत्रुखाना बढी रुचाउने, असन्तुलित वातावरण तथा अत्यधिक विषादीको प्रयोगका कारण बालबालिकामा अटिजमको मुख्य कारण हुन सक्दछ", बास्तोलाले भन्नुभयो, "अटिजम बच्चा जन्मेको १८ महिनादेखि दुई वर्षको उमेरमा सङ्केत देखिने पाइएको छ । बालबालिकाको रुचिका आधारमा सिकाइ र प्रयोगात्मक विधि अप्नाउदै नियन्त्रणमा जोड हुनु आजको आवश्यक हो।"

विश्व स्वास्थ्य सङ्गठन( डब्यलुएचओ)को तथ्याङ्कअनुसार एकसयमा एक जना भए पनि अमेरिकाको रोग नियन्त्रण तथा रोगथाम केन्द्र (सिडिसी) को सन् २०२३ र २०२४ को रिपोर्टअनुसार ३६ जनामा एक जना बालबालिकामा अटिजमको समस्या देखिएको तथ्याङ्क रहेको छ । नेपालमा अहिलेसम्म अटिजमको यकीन तथ्याङ्क नभए पनि उक्त तथ्याङ्कलाई हेर्ने हो भने हजारौँ बालबालिकामा सो समस्या भएको अनुमान गर्न सकिन्छ। विसं २०७८ को जनगणनामा ८४८४ जनामा अटिजम रहेको उल्लेख छ। तथ्याङ्कमा नसमेटिएको सङ्ख्या ठूलै भएको अनुमान गरिएको छ।

अहिलेसम्म काठमाडौँ, पोखरा, भरतपुर, विराटनगर, रुपन्देहीलगायतका विभिन्न पालिकाले फिजियोथेरापी, स्वीचथेरापी र मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन्। पोखरा महानगरपालिकाद्वारा सञ्चालित जानकी स्रोत कक्षालाई पनि विस्तारै व्यवस्थित गरिने तयारीमा जुटेको छ । मुलुकका कतिपय सहरमा निजीस्तरमा अटिजम कक्षा सञ्चालन हुँदै आएका छन्।

# ढोरपाटनमा भारी हिमपात



**पोखरापत्र संवाददाता**
बागलुङ, ७ चैत

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनसहित बागलुङको उच्च पहाडी क्षेत्रमा भारी हिमपात भएको छ। शुक्रबार दिउँसोदेखि भएको हिमपातले ढोरपाटन सेताम्य हिउँले ढाकिएको हो। हिमपातले स्थानीयको जनजीवन प्रभावित बनेको छ।

हिमपातले ढोरपाटन उपत्यकासहित आसपासका क्षेत्र सेताम्य भएको ढोरपाटन नगरपालिका-९ का स्थानीय धनबहादुर विकले जानकारी दिनुभयो । हिमपातले गर्दा वस्तुभाउलाई घाँस दान हाल्नसमेत गाह्रो भएको स्थानीय विकले बताउनुभयो । केही दिन अगाडिदेखि सामान्य वर्षा भएको उहाँको भनाइ छ। अहिले पनि निरन्तर हिमपात भइरहेको भन्दै स्थानीयलाई हिँडडुल गर्नसमेत समस्या भएको उहाँले बताउनुभयो । आलु रोप्नका लागि अधिकांश स्थानीय बोबाङ,अधिकारीचौरलगायतका क्षेत्रबाट ढोरपाटन उक्लिए पनि हिमपातले गर्दा प्रभावित बनेको विकको भनाइ छ। "चैत महिनामा कहिलेकाहीँ मात्रै हिउँ पर्ने गर्थ्यो, यसपालि गर्मी बढ्न लाग्दा हिउँ पऱ्यो, यतिबेला ढोरपाटनवासीलाई आलु रोप्ने चटारो थियो तर हिउँ पर्दा काम प्रभावित भयो", विकले भन्नुभयो, "अलिअलि वर्षा त चाहिएको थियो, तर हिउँ परेर दैनिकीनै कष्टकर बनाइ दियो।" स्थानीय तुलराम पुनले हिमपातको कारण अत्यधिक चिसो बढेको बताउनुभयो । रातिदेखि परेको भमरी हिमपात अहिले बाहिर निस्किएर हिँडडुल गर्न र पशुचौपायालाई घाँस दाना खुवाउन पनि समस्या भएको उहाँको भनाइ छ।

# नेपाल रेडक्रसद्वारा एक महिने सदस्यता वितरण अभियान सुरू

**रासस**
काठमाडौं, ७ चैत

नेपाल रेडक्रस सोसाइटीले एक महिने सदस्यता वितरण अभियान सुरुआत गरेको छ । सोसाइटीले सूचना जारी गर्दै गत फागुन २५ गतेदेखि थालनी भएको सदस्यता वितरण अभियान यही चैत्र २४ गतेसम्म जारी रहने छ।

जारी सूचनामा भनिएको छ, "नेपाल रेडक्रसको सदस्यता सदैव खुला रहेको व्यहोरा विदितै छ। यसका अतिरिक्त सोसाइटीको विधान २०२० (अठारौ संशोधन २०८२ सहित) को व्यवस्था र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिको २०८२ फागुन २४ गतेको बैठकले गरेको निणर्य वमोजिम सोसाइटीको सदस्यता प्राप्त गर्न इच्छुक नेपाली नागरिकहरूका लागि (युवाको सहभागिता र ३३ प्रतिशत महिला सुनिश्चित गर्न समेत) यस सोसाइटीद्वारा सदस्यता वितरण अभियान २०८२ फागुन २५ गतेदेखि २०८२ चैत्र २४ गतेसम्म (एकमहिनाको लागि) सञ्चालन भैरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।" सूचनामा रेडक्रस अभियानका सिद्धान्त, मूल्य मान्यता, र आदर्शलाई आत्मसात् गर्दै विधानमा उल्लेखित प्रक्रिया र तोकिएको शुल्क बुझाई सदस्यता लिन इच्छुक व्यक्तिहरूले आफूलाई पायकपर्ने पालिका तहमा पालिका शाखा, जिल्ला तहमा जिल्ला शाखाका अतिरिक्त प्रदेश तहमा प्रदेश कार्यालय र केन्द्रीय तहमा केन्द्रीय कार्यालयबाट समेत सदस्यता प्राप्त गर्न सकिने उल्लेख छ । सूचनामा भनिएको छ, "सम्पर्कका लागि नेपाल रेडक्रस सोसाइटीका पालिका तहका उपशाखाका सभापति वा सचिवहरू, ७७ वटै जिल्ला शाखाका सभापति वा मन्त्रीहरू, सात वटै प्रदेश कार्यालयका अध्यक्ष वा महासचिवहरू र केन्द्रीय कार्यालयमा महामन्त्रीसँग सम्पर्क गर्न सकिनेछ । थप जानकारीका लागि नेपाल रेडक्रस सोसाइटीको वेभसाइट धधधालचअकायचन हेर्नुहुन वा निःशुल्क हटलाइन सेवा ११३० मा सम्पर्क गर्न सकिन छ।"